नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

email: daokanchanpur75@gmail.com
web: daokanchanpur.moha.gov.np

प.सं. ०७९/०८०
च.नं.

मिति: २०७९/०७/३०

**विषय:- निर्वाचनको दिन सवारी आवागमन व्यवस्थापन सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा मिति २०७९/०८/०४ गते आइतबारका दिन हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिन सवारी साधन चलाउने सम्बन्धमा निर्वाचन आयोगबाट स्वीकृत प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको मतदानको दिन सवारी आवगमन व्यस्थापन सम्बन्धी मापदण्ड, २०७९ मा व्यवस्था भए अनुसार देहाय बमोजिम सवारी साधन व्यवस्थापन गरिने व्यहोरा जिल्लास्तरीय सवारी साधन व्यवस्थापन समितिको मिति २०७९/०७/३० को बैठकको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**खण्ड- क**

**सञ्चालनको लागि अनुमति आवश्यक नपर्ने सवारी साधनको विवरण**

| सि.नं. | सवारी साधनको किसिम | कैफियत |
|---|---|---|
| १ | बिरामी बोकेको एम्बुलेन्स, | |
| २ | खानेपानीको ट्याङ्कर, | विहान १० बजे भित्र आवत जावत गर्ने |
| ३ | दुध बोक्ने सवारी साधन, | विहान १० बजे भित्र आवत जावत गर्ने |
| ४ | दमकल, | |
| ५ | क. सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय वा प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण वा अन्य त्यस्तै प्रकृतिको नियामक निकायबाट जारी गरिएको प्रेस पास<br>ख. प्रचलित कानूनबमोजिम दर्ता र प्रेस काउन्सिल नेपालमा सूचीकृत भई सञ्चालनमा रहेका सम्बन्धित सञ्चारगृहबाट जारी परिचय-पत्र बाहक सञ्चारकर्मीले प्रयोग गर्ने सवारी साधन, | **उपखण्ड (ख) को हकमा नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति कञ्चनपुर मार्फत जिल्ला प्रशासन कार्यालय कञ्चनपुरलाई उपलब्ध गराएको सूचीमा समावेश भएका संचारकर्मी।** |
| ६ | दूरसञ्चार तथा केबल सेवाका लागि प्रयोग हुने सवारी साधन, | |
| ७ | शव वाहन, | |
| ८ | अस्पतालमा कार्यरत परिचय-पत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीको आवागमनका लागि प्रयोग हुने सवारी साधन, | |
| ९ | निर्वाचन आयोगबाट जारी परिचय-पत्र वाहक पर्यवेक्षक, अवलोकनकर्ता, अनुगमनकर्ताले प्रयोग गर्ने सवारी साधन, | |
| १० | फोहोरमैला ओसारपसार गर्ने सवारी साधन, | विहान १० बजे भित्र आवत जावत गर्ने |
| ११ | तरकारी, फलफूल तथा विद्युत सेवाका लागि प्रयोग हुने सवारी साधन, | तरकारी तथा फलफूल ढुवानीका लागि प्रयोग हुने सवारी साधनको हकमा विहान १० बजे भित्र आवत जावत गर्ने। |
| १२ | कूटनीतिक नियोग, यू.एन. एजेन्सी र द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार संस्थाहरुमा कार्यरत पदाधिकारी एवम् कर्मचारीले प्रयोग गर्ने निलो नम्बर प्लेट भएको सवारी साधन, | |
| १३ | विदेशी पर्यटक मात्र बोकेको हरियो नम्बर प्लेट भएको सवारी साधन, | |
| १४ | सुरक्षाकर्मीले प्रयोग गर्ने सुरक्षा निकायको सवारी साधन, | |
| १५ | आफू खटिएको मतदान केन्द्रसम्म जान र मतदान केन्द्रबाट फर्किनको लागि मतदान कार्यमा खटिने कर्मचारी तथा स्वयंसेवकले प्रयोग गर्ने सवारी साधन। | मतदान केन्द्रमा खटिएको नियुक्ति पत्र वा निर्वाचन/मतदान अधिकृतबाट जारी परिचय-पत्र |

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

email: daokanchanpur75@gmail.com
web: daokanchanpur.moha.gov.np


प.सं. ०७९/०८०

च.नं.

## खण्ड –ख
## सवारी साधन सञ्चालनको अनुमति र सो प्राप्तिको प्रक्रिया

| सि.नं. | सवारी साधन प्रयोगकर्ता | सिफारिस गर्ने निकाय | संख्या | अनुमतिपत्र जारी गर्ने निकाय वा अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | उम्मेदवार वा उम्मेदवारको एक जना निर्वाचन प्रतिनिधि | | १. उम्मेदवारका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा।<br>२.उम्मेदवारको एकजना निर्वाचन प्रतिनिधिका लागि दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय वा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा। | मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत | |
| २ | निर्वाचन आयोग बाहेकका संवैधानिक निकायहरु | सम्वन्धित संवैधानिक निकाय | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | |
| ३ | संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरू | सम्वन्धित संवैधानिक निकायका कार्यालय | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | |
| ४ | निर्वाचन कार्यालय | निर्वाचन अधिकारी | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | |
| ५ | विमानस्थल आउने/जाने यात्रुले प्रयोग गर्ने साधन | | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी | टिकट पेश गर्नुपर्ने |
| ६ | मानवीय उद्धार तथा सहायता एवं आपतकालीन अवस्थामा प्रयोग गरिने सवारी साधन | | | प्रमुख जिल्ला अधिकारी | |
| ७ | अशक्त | वडा कार्यालय | | निर्वाचन अधिकृत | पूर्ण अशक्त वा अति अपाङ्गता परिचय पत्र (क) र (ख) वर्ग |

पुनश्चः

१. खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता सवारी साधन मतदाता ओसारपसार गर्ने कामको लागि प्रयोग गर्न पाइने छैन।
२. प्रमुख जिल्ला अधिकारीबाट जारी हुने सवारी पास लिन जिल्ला प्रशासन कार्यालयमा आवश्यक सिफारिस र कागजात सहित निवेदन दिनु पर्नेछ।
३. माथि उल्लेखित प्रावधान विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई आवश्यक कानूनी कारवाही गर्नेछ।
४. थप जानकारीको लागि सम्पर्क नम्वरः प्रमुख जिल्ला अधिकारी:९८५८७३७७७७, स.प्र.जि.अ.९८५८७७५६६

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी